बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

# डिभिजन वन कार्यालय, दोलखा

## चरिकोट, नेपाल

डिभिजनल वन अधिकृत

## सार्वजनिक सुचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/२२

यस कार्यालयको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रमहरु उपयुक्त स्थानमा सञ्चालन गर्न इच्छुक व्यक्ती/संस्था/समूहले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिनभित्र तपसिलमा उल्लेखित व्यहोरा तथा आवश्यक कागजातसहित प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | क्रियाकलापको नाम | वजेट (लाखमा) | निवेदन पेश गर्न पाउने निकायहरू | कैफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन | बाँझो तथा खाली जमीनमा जडीबुटी तथा गैहृकाष्ठ वन पैदावार खेती विस्तार | ५ | वन उपभोक्ता समूहहरू, निजी कृषक समूह, सहकारी | प्राविधिक, आर्थिक र व्यवसायीक प्रस्ताव पेश गर्नु पर्ने |
| २ | | वैतेश्वर गा.पा. मा बाँसमा आधारित उद्यम विकास | ५ | | |
| ३ | वातावरण संरक्षण तथा शहरी वन | मेलुङ गा.पा. ०६ मा टिमुर खेती प्रवर्द्धन | ५ | वन उपभोक्ता समूहहरू, निजी जग्गाधनी, सहकारी/फर्म/कम्पनि | मेलुङ गा.पा. ०६ मा जग्गा हुनुपर्ने |
| ४ | जडिबुटी विकास कार्यक्रम (संघ शसर्त अनुदान) | पकेट क्षेत्रमा जडिबुटि संरक्षण | २ | वन उपभोक्ता समूहहरू, निजी जग्गाधनी, | डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र |
| ५ | | प्राकृतिक जडिबुटि संरक्षण तथा खेती विस्तार | ३ | वन उपभोक्ता समूहहरू, निजी जग्गाधनी, | |

१. प्रत्येक प्रस्तावको लागि शिलबन्दी प्रस्ताव दाखिला गर्दा निम्नबमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

क. आवेदन पत्र ।

ख. संस्था दर्ताको प्रमाणपत्र तथा नविकरण सम्बन्धी कागजात ।

ग. निजी कृषकको हकमा निवेदन, नागरिकताको प्रमाणपत्र, जग्गा धनी प्रमाण पुर्जा, तिरो तिरेको रसिदको छायाकपी

घ. वन समुहको हकमा कार्ययोजनामा भएको व्यवस्था, उपभोक्ता समूहको निर्णयको प्रतिलिपी।

ङ. वृक्षारोपण गरिने प्रजाति, संख्या, जग्गाको क्षेत्रफलको विवरण ।

बागमती प्रदेश सरकार

## वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, दोलखा

चरिकोट, नेपाल

डिभिजनल वन अधिकृत,

च. [illegible] रहने घरधुरी संख्या र नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

छ. संक्षिप्त व्यवसायिक कार्ययोजना (आर्थिक तथा प्राविधिक प्रस्ताव सहित) ।

ज. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

झ. संयूक्त लगानीको प्रस्तावमा मुख्य र अन्य प्रस्तावक भएको सम्झौता पत्र ।

ञ. वार्षिक प्रगति प्रतिवेदन (आ.व. ०८१/०८२ को)

ट. लेखा परिक्षण प्रतिवेदन (आ.व. ०८१/०८२ को)

२. इच्छुक समुह, सस्था वा फर्म PAN अथवा VAT मा दर्ता भएको हुनुपर्ने ।

३. प्रत्येक कार्यक्रमको भिन्दा भिन्दै शिलबन्दी प्रस्ताव पत्र दर्ता गराउन पर्नेछ ।

४. निवेदन पेश गर्दा निवेदकको नाम, ठेगाना, सम्पर्क नं. र क्रियाकलाप समेत स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

५. निवेदन पेश गर्ने अन्तिम मिति र समयः २०८२/११/२७ गते कार्यालय समय भित्र ।

६. *'वैतेश्वर गा.पा. मा बाँसमा आधारित उद्यम विकास'* तथा *'बाँझो तथा खाली जमीनमा जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार खेती विस्तार'* कार्यक्रमको लागी निजी क्षेत्र तथा निजी कृषकहरूको समूहको हकमा कुल लागतको अधिकतम ५०% अनुदान र सहकारि, सामुदायिक वा अन्य साझेदारीको हकमा बढीमा ७५% अनुदान दिन सकिने ।

७. प्रस्तावको ढाँचा डिभिजन वन कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

८. निवेदन पेश गर्ने निकायः डिभिजन वन कार्यालय दोलखा, चरिकोट

थप जानकारीको लागि डि.व.का. दोलखा र सम्बन्धित सव-डिभिजन वन कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

(सुचना अधिकारी ९८५४०२०१५९, योजना तथा अनुगमन शाखा ९८५४०५२१३४, कार्यालय प्रमुख ९८५४०४६१३५
ईमेलः dolakhadfo2020@gmail.com, doldfo.mofe@bagamati.gov.np, वेवसाईटः dfodolk.bagamati.gov.np)